## आर्थिक वर्ष २०८२/०८३ को

# बजेट वक्तव्य

## काठेखोला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### बिहुँकोट, बागलुङ

# काठेखोला गाउँपालिका

# गाउँसभाको १७ औं अधिवेशन

## उपाध्यक्ष तेज बहादुर थापाद्वारा प्रस्तुत

---

## वजेट वक्तव्य

काठेखोला गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनका सभा अध्यक्ष ज्यू, उपस्थित गाउँसभा सदस्यहरु, कर्मचारी, पत्रकार एवम सामाजिक सञ्जाल मार्फत हामीलाई प्रत्यक्ष सुनिरहनु भएका आमावुवा दाजुभाई तथा दिदीबहिनीहरु सबैमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।

देशको विभिन्न समय र कालखण्डमा भएका राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका आन्दोलन, संघर्ष, परिवर्तन, क्रान्ति, सामाजिक तथा मुक्ति आन्दोलन र गणतन्त्र स्थापनाको खातिर भएका जनआन्दोलन र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै ति आन्दोलन र संघर्षको क्रममा आफ्नो जीवनको आहुति गर्नुहुने महान सहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै जनआन्दोलनका घाईतेहरु प्रति पनि उत्तिकै सम्मान व्यक्त गर्दै सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । अग्रगामी परिवर्तनका आन्दोलनहरुमा नेतृत्वदायी भुमिका निर्वाह गर्नुहुने लोकतान्त्रिक आन्दोलनका योद्धा, राजनैतिक एवम सामाजिक अगुवा, अग्रज नेता एवम नेतृत्वहरु र साथ सहयोग प्रदान गर्नुहुने सम्पुर्ण नागरिकहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु ।

काठेखोला गाउँपालिकाको १७ औं गाउँसभा अधिवेशनको लागि शिक्षा समिति तथा प्र.अ.हरु संगको छलफलमा सहभागी भएर घर फर्किने क्रममा मिति २०८२ जेष्ठ २९ गते काठेखोला गाउँपालिका-४ तंग्रामको थारागाममा भएको गाडी दुरघटनामा गम्भिर घाइते हुनुभएका शिक्षा समिति सदस्य तथा श्री धारा मा.वि.काठेखोला-४ तंग्रामकाका प्र.अ. श्री कमला थापा र श्री जनएकता आधारभूत विद्यालय, काठेखोला-३ धम्जाका प्रधानाध्यापक श्री माया कुमारी सुनारको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपालको संविधान २०७२ को धारा २३० तथा स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को दफा ७१ बमोजिम गाउँपालिका उपाध्यक्षलाई प्राप्त जिम्मेवारी ग्रहण गर्दै दिगो विकास, शान्ति, सुशासन, परिवर्तन र समृद्धिको आकांक्षाहरुलाई संवोधन गर्ने मुल ध्येयका साथ काठेखोला गाउँपालिका स्थानीय सरकारको उपाध्यक्षको हैसियतबाट गाउँसभाको १७ औं अधिवेशनमा आ.व.२०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म आफु निकै गौरवान्वित भएको महसुस गरेको छु । काठेखोला गाउँपालिकाले हालसम्म प्राप्त गरेका अनुभव र उपलब्धिहरुलाई संस्थागत गर्दै नागरिकहरुको माग मा आधारित रहि गाउँ समाजको बास्तविक आबश्यकता लाई ध्यानमा राखी आगामी बर्षको बजेट निर्माण गरेको छु ।

आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, ऐन, कानुन, नीति नियम, संघिय सरकार र प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट बक्तब्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठेखोला गाउँपालिकाका अध्यक्ष ज्युद्वारा प्रस्तुत नीति तथा कार्यक्रम, बिनियोजन बिधेयक र आर्थिक विद्येयक को सिद्वान्त र प्राथमिकता, स्थानीय राजनैतिक पार्टी, सामाजिक अगुवाहरु, सम्वन्धित सरोकारवालाहरुले दिनुभएको रचनात्मक सल्लाह, सुझाव एवम सार्वजनिक सुनुवाई तथा विभिन्न समयमा काठेखोलाबासी जनता र सञ्चार माध्यमहरुबाट प्राप्त भएका सुझाव र सुधारका माग समेतलाई मुख्य आधार बनाएको छु ।

गाउँ, टोल र बस्ती स्तरबाट चरणबद्ध रुपमा सुरुवात गरिएको योजना माग र छनौट प्रक्रियाहरु अपनाउदै विषयगत समिति र राजस्व परामर्श समितिले दिएको सुझावलाई आत्मसाथ गर्दै श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले दिएको सिमाभित्र रही बजेट तथा कार्यक्रम तर्जुमा समितिमा आय तथा खर्चको सिमा निर्धारण गरि सो बैठकलाई समेत मध्यनजर गरि उक्त समितिले स्विकृत गरेको बजेट तथा कार्यक्रमलाई समेत समावेश गरेको छु । साथै बिषयगत क्षेत्र, विध्यमान ऐन, कानुन, कार्यविधि, नियमावली र निर्देशिकाहरु, गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु तथा दिगो विकास लक्ष्यलाई मुख्य आधार बनाएको छु ।

प्रकृति र संस्कृतिको अनुपम सुन्दरता सहित भौगोलिक बिविधता, बहुजातिय, बहुधार्मिक र बहुसांस्कृतिक बिशेषतायुक्त काठेखोला गाउँपालिकालाई सद्भाव र सह-अस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसंस्कृत समाज निर्माण गर्दै नमुना गाउँपालिकाको रुपमा विकास गर्ने पहिलो मुख्य संकल्पका साथ विकास, परिवर्तन र समृद्धि सहितको काठेखोला गाउँपालिका निर्माण गर्न सदा प्रतिवद्ध छु । नागरिकहरुको चाहाना, बिकास प्रतिको मोह र परिवर्तन प्रतिको आकांक्षालाई पुरा गर्न, सेवा

प्रवाहमा सहजता र सरलता प्रदान गर्न, काठेखोला गाउँपालिका निरन्तर प्रयासरत छ । जनताको सबैभन्दा नजिकको सरकारको रुपमा स्थापित हरेक नागरिकहरुको घरदैलोमा पुगेर सेवा प्रवाह गर्ने आधारस्तम्भको रुपमा रहेको स्थानीय सरकारलाई अझ जनमैत्री तथा प्रभावकारी सेवा प्रवाह गर्न हामी सदा प्रतिबद्ध छौ ।

गाउँपालिकाको स्थापना भएको लामो समय भएपनि स्थानीय सरकार अझै अभ्यासकै क्रममा रहेको आन्तरिक श्रोत न्यून रहेको र साधन स्रोत प्रर्याप्त र सुनिश्चित नभई सकेको अवस्थामा नागरिकको सवै माग एकैपटक सम्वोधन गर्न चुनौतिको विषय हो । हाम्रो जस्तो आन्तरिक श्रोत कम भएको गाउँपालिकामा जनतालाई अधिकतम लाभ वा फाइदा दिने कार्यक्रम वा आयोजनालाई छनौट गर्ने वाध्यात्मक अवस्था गाउँपालिकाको रहेको छ । वजेट तर्जुमा गर्दा जनप्रतिनिधिहरुको सहयोग र स्वामित्वलाई ख्याल गर्दै जनताका विकासका आकांक्षा र आवश्यकताहरुको वारेमा प्रर्याप्त अध्ययन र सुझावलाई आत्मसाथ गरेको छु । बार्षिक नीति तथा कार्यक्रममा गाउँसभाका सदस्यहरुको छलफलबाट समस्याहरुका वारेमा प्रर्याप्त जानकारी प्राप्त भएको छ । गाउँ सभा सदस्यहरुबाट दिईएका अमुल्य सुझाव तथा जनताका मनोभावनालाई वजेट निर्माण गर्दा प्रर्याप्त ध्यान दिएको छु । संघ, प्रदेश र स्थानीय तह बिचको सहकार्य, सहअस्तित्व र समन्वयलाई अवलम्बन गर्दै जनसहभागीता, उत्तरदायित्व, पारर्दशिता सुनिश्चित गरि जनतालाई सुलभ र गुणस्तरिय सेवा प्रवाह गरि सिहंदरबारको अधिकार नागरिकहरुको घरदैलोमै आएको जनतालाई आभाष दिलाउनु पर्ने अवसर, दायित्व र चुनौति हामी माझ रहेको छ ।

स्थानीय सरकारको बार्षिक वजेट तथा कार्यक्रममा गाउँसभाले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने महत्वपूर्ण औजार हो । वजेट तर्जुमा गर्दा संविधानले नागरिकका लागि व्यवस्था गरेको मौलिक हकहरुको पूर्ण उपभोगको सुनिश्चिततालाई समेट्दै संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षालाई साकार पार्न सहयोगी हुने कार्यक्रम तथा कृयाकलापहरु समावेश गर्न ध्यान दिनु आवश्यक हुन्छ ।

काठेखोला गाउँपालिकाको विकास, परिवर्तन र समृद्धि प्राप्ति गर्न उपलब्ध श्रोत साधनलाई बढि भन्दा बढि प्रयोग गरि नागरिकहरुको हित अभिवृद्धि गर्दै सामाजिक न्यायमा आधारित समाजबाद उन्मुख अर्थतन्त्र एवम शिक्षित, सक्षम र आर्थिक एवम सामाजिक रुपमा हरेक कुराले सुविधा सम्पन्न नागरिक बनाउने हाम्रो अठोट र काठेखोला गाउँपालिकाले अंगिकार गरेको “कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधार, समृद्ध काठेखोला निर्माणको आधार” भन्ने मुल उद्घोष र सोचलाई साकार रुप दिन सहयोग पुग्ने गरि यो बजेट तर्जुमा गरेको छु ।

गाउँपालिकाको दिगो विकास र प्रतिस्प्रधात्मक क्षमता अभिवृद्धिका लागि आगामी आ.व.को बजेट विनियोजनलाई समावेशीमुलक, उत्पादनमुलक, रोजगारी बृद्धि जस्ता क्षेत्रमा केन्द्रित गर्दै करको दर भन्दा दायरा विस्तारलाई बढि जोड दिएको छु ।

प्रस्तुत आगामी आर्थिक बर्षको बजेट नागरिकहरुको खुसी, समृद्धि र आवश्यकतामुखी विकासलाई केन्द्रित गरी निर्माण गरेको छु । राज्य र विकासको मुल प्रवाहबाट पछाडी परेका लक्षितबर्ग दलित, महिला, जनजाति, अपाङ्गता, बालबालिका र जेष्ठनागरिकहरुको आर्थिक एवम सामाजिक शसक्तिकरण गरी राज्य र विकासको मुल प्रवाहमा समाहित हुने तर्फ लक्षित गरी बजेट निर्माण गरेको छु ।

नेपालको संविधानले परिकल्पना गरे अनुसार गणतन्त्रात्मक शासन प्रणालीद्धारा लोकतान्त्रिक समाजबाद स्थापनार्थ नेपाल सरकारले लिएको हरेक कार्यक्रमलाई साकार पार्न यस गाउँपालिका प्रतिवद्ध रहदै गाउँपालिकाको समग्र विकास र गाउँपालिकाबासी नागरिकहरुको हक हित र अधिकारको रक्षा गर्न प्रतिवद्ध छ। गाउँपालिकाको अधिकार क्षेत्रभित्र रही मौलिक हक र कर्तब्य सम्बन्धी संवैधानिक ब्यवस्थाको कार्यन्वयन गर्न काठेखोला गाउँपालिका सदा प्रतिबद्ध छ। काठेखोला गाउँपालिका आवश्यकता, जनभावना र जनआकांक्षाको आधारमा नागरिकको जीवनस्तरमा सुधार ल्याई विकास, परिवर्तन र समृद्धिको अपेक्षा पुरा गर्न दृढ संकल्पका साथ अगाडि बढ्ने छ ।

विकास, परिवर्तन र समृद्धिको मुल मार्ग पछ्याउदै ***“हाम्रो गाउँपालिका, राम्रो गाउँपालिका”*** निर्माणको यो अभियानमा काठेखोला गाउँपालिकाका हरेक नागरिकहरुको साथ, सहयोग र ऐक्यबद्धताका लागि हार्दिक अपिल गर्दछु ।

***सभा अध्यक्ष ज्यू, एवम उपस्थित गाउँसभा सदस्य ज्युहरु ।***

अव म आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेटका उद्धेश्यहरु सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- स्वरोजगारका लागि पर्यटन विकास तथा प्रवर्द्धन, आन्तरिक कृषि उत्पादन लगायतका विभिन्न सीप विकास कार्यक्रम मार्फत यस गाउँपालिकाको आर्थिक विकास गर्ने ।
- कृषि क्षेत्रमा व्यवसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।
- आर्थिक बृद्धिलाई उच्च दरमा बृद्धि गर्दै गाउँबासिको जीवनस्तरमा देख्न र अनुभूति गर्न सकिने गरि सुधार ल्याउन मानवीय पूँजी विकास तथा उत्पादन सहयोगी भौतिक पूर्वाधारको विकास गर्दै संमग्र आर्थिक क्षेत्रलाई चलायमान बनाउदै तथा दिगो आर्थिक विकास को लक्ष्य हासिल गर्ने ।
- पर्यटनमैत्री पूर्वाधार विकासमा जोड दिई पर्यटन उद्योगलाई विस्तार एवं लगानी गर्ने, रोजगारी तथा अन्य आय आर्जनको आकर्षक गन्तव्यको रुपमा पर्यटनलाई प्रवर्द्धन गर्ने ।
- आधारभूत पूर्वाधारको निर्माण र विकास गरी स्थानीय सरकारको आधारभूत सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्ने ।
- स्वास्थ्य र शिक्षामा गुणस्तरीय सुधार गर्ने ।

- गुणस्तरीय र भरपर्दो खानेपानीको सुविधाको विस्तार गर्दै एक घर एक धाराको व्यवस्था गर्ने ।
- वातावरण सन्तुलन तथा विपद् व्यवस्थापनलाई अन्तर आवद्धताको विषयकोरुपमा विकास गर्ने ।
- सामाजिक समावेशीको नीति अवलम्वन गर्दै लक्षित समुदायका बर्गहरुलाई आर्थिक एवम सामाजिक शसक्तिकरणको माध्यमबाट विकासको मुल प्रवाहमा समाहित गर्न समावेशी र सन्तुलित विकासलाई प्रवर्द्धन गर्ने ।
- लैङगिक मैत्रि समावेशी विकासमा जोड दिने ।
- महिला, दलित, जनजाति, बिपन्न, उपेक्षित र गरिवीको रेखामुनी रहेका नागरिकहरुलाई सामाजिक र आर्थिक समानता कायम गर्न अग्रसर हुने ।
- बिपद जोखिम न्युनिकरण, उद्धार राहत एवम वन बाताबरण र जलाधार संरक्षण गर्ने ।
- अर्थतन्त्रलाई चलायमान र गतिशिल तुल्याउन उत्पादन र उत्पादकत्वमा जोड दिदै आर्थिक विकासका समग्र क्षेत्रहरु विच गतिशिल अन्तरसम्वन्ध कायम गर्ने ।
- उपलब्ध श्रोत र साधनको सन्तुलित समन्यायिक वितरणको माध्यमबाट समानुपातिक विकास हासील गर्ने ।
- स्थानीय सरकारबाट प्रवाह हुने सेवालाई छिटो छरिटो सहज, सुलभ र प्रविधिमैत्री बनाई जन विश्वास हासिल गर्ने ।
- गाउँपालिकाबाट प्रदान गरिने क्रियाकलापहरु तथा सेवाप्रवाहमा समानुपातिक, समावेशी र न्यायोचित रुपमा वितरण गर्ने ।
- नागरिकहरु खुसी र सन्तुष्टी हुने गरि सेवा प्रवाह गर्ने ।
- भ्रष्टाचारमा शुन्य सहनशिलताको नीति अवलम्वन गर्दै, वित्तिय अनुसासन, पारदर्शिता र उत्तरदायी शासकीय व्यवस्था मार्फत सुशासनको प्रवर्द्धन गर्ने ।

***अव म आगामी आर्थिक बर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमका प्राथमिकताका सुचीहरु सभामा प्रस्तुत गर्न चाहन्छु ।***

- कृषि उत्पादन र उत्पादकत्व अभिबृद्धि तथा कृषि क्षेत्रमा व्यापक सुधार ।
- उद्यमशिलताको विकास, पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जना ।
- आत्मनिरर्भर, स्वरोजगार सहितको सिप विकास कार्यक्रम ।
- दलित समुदायका नागरिकहरुको सुरक्षित र स्वस्थ जिवनको सुनिश्चितता ।
- स्वास्थ्य सेवाको सुदृढ्किरण मार्फत स्वस्थ जीवनको सुनिश्चितता ।
- दिगो गुणस्तरीय भौतिक पुर्वाधार ।
- लक्षित समुदायको आर्थिक एवम सामाजिक शसक्तिकरण ।
- गुणस्तरीय शिक्षा र सामाजिक विकास मार्फत सुसंस्कृत समाज निर्माण ।
- सेवा प्रवाहमा नागरिकहरुको सहज पँहुच र सुशासन अभिवृद्धि ।
- नागरिकहरुको सुरक्षा तथा विपद व्यवस्थापन ।
- जलबायु परिवर्तन तथा वातावरणीय सन्तुलन कायम ।

***सभा अध्यक्ष ज्यू, एवम गाउँसभा सदस्य ज्युहरु ।***
***अव म आगामी आर्थिक बर्ष २०८२/०८३ को बार्षिक बजेटमा संबोधन गरिएको बजेट कार्यक्रमहरुको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छु ।***

काठेखोला गाउँपालिकाको गाउँपालिका स्तरीय कार्यक्रम अर्न्तगत बिभिन्न बिषयगत समितिहरु तर्फ ७ करोड २५ लाख रुपैयाँ विनियोजन गरेको छु ।

जस अन्तरगत .

- आर्थिक विकास तर्फ रु. १ करोड १५ लाख
- पुर्वाधार विकास तर्फ रु. २ करोड १९ लाख
- सामाजिक विकास तर्फ रु. ३ करोड २१ लाख
- सार्वजनिक सेवा तथा क्षमता विकास तर्फ रु. ४५ लाख
- वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ रु. २५ लाख

***अव म आगामी आर्थिक बर्षमा काठेखोला गाउँपालिकाको विकास, परिवर्तन र समृद्धिका लागि केही योजना तथा कार्यक्रमहरु यस सभामा प्रस्तुत गर्न चाहन्छु ।***

- सबै वडाको वडागत माग, समस्या र आवश्यकतालाई संवोधन गर्न वडागत बजेट बाँडफाड तर्फ यस बर्ष रु.३ करोड ७० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु ।
- संघ तथा प्रदेश सरकारबाट विनियोजित समपुरक योजना साझेदारीका लागि रु.३ करोड बजेट विनियोजन गरेको छु ।

- सवैको चासो, आवश्यकता र सबै नागरिकहरुले निकै महत्वका साथ हेरिएको काठेखोला गाउँपालिकाको प्रशासकीय भवन व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- प्रत्येक बर्ष सञ्चालन हुदै आएका काठेखोला गाउँपालिकाको गौरवको योजना अन्तरगत काठेखोला गाउँपालिका वडा नं. ३ धम्जा दुवारादेखि वडा नं. ३ को वडा कार्यालयसम्म जोड्ने सडक स्तरोन्नतिका लागि रु. ५० लाख रुपैया विनियोजन गरेको छु । त्यसैगरि गाउँपालिकाकै गौरबको योजना अर्न्तगत काठेखोला गाउँपालिका वडा नं. ७ रेश स्थित जमिनडाँडा, पिडाल्ना, तिङरिङ, रिङरोड सडक मर्मत एवम स्तरोन्नतिका लागि रु. ५० लाख गरि रु १ करोड रुपैयाँ बजेट बिनियोजन गरेको छु ।
- वडा कार्यालयले गत आ.व.मा संकलन गरेको राजस्व रकम बराबरको योजना काठेखोला गाउँपालिकाले विनियोजन गर्ने र वडाले पनि सोही बराबरको रकम थपि साझेदारीतामा सञ्चालन हुने गाउँपालिका स्तरीय समपुरक योजनाको लागि नियमानुसार बजेट विनियोजन गरेको छु । जस अन्तरगत वडा नं.-१ को वडा कार्यालयको सभाहल निर्माण, वडा नं. २ मुलथाना बजार सडक स्तरोन्नती, वडा नं- ३ को स्वारा घुम्तीदेखि देउराली सडक स्तरोन्नति, वडा नं.-४ को धारा, इनारखोला, नमुङ, पेरीवाङ, उनुवा सडक स्तरोन्नति, वडा नं.-५ को थामडाँडा, तल्लो दहपानी हुदै रुम्से सडक स्तरोन्नति, वडा नं.-६ को बहुसेवा सामुदायिक खोप केन्द्र निर्माण, वडा नं. ७ को बिहुँ जलजला हुदै, वडा कार्यालय, स्वास्थ्य चौकी, म्याउदी, देउराली, गाजादह मोटरबाटो मर्मत सुधार तथा वडा नं.-८ को कोल, पसलटोल, भुमेचौर हुदै पिपलबोटसम्म मोटरबाटो स्तरोन्नति गर्ने कार्यलाई आवश्यक बजेट विनियोजन गरेको छु ।
- काठेखोला गाउँपालिका भित्रका सम्पुर्ण दलित समुदायका नागरिकहरुलाई निशुल्क स्वास्थ्य विमा गर्ने गरि ***"अध्यक्षसंग दलित स्वास्थ्य विमा कार्यक्रम"*** लाई आगामी बर्ष निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था गरेको छु । बिपन्न नागरिकहरुका लागि निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनका लागि आगामि आ.व.मा प्रत्येक वडाको १५ घरपरिवारलाई पुग्नेगरी आवश्यक बजेट विनियोजन गरेको छु ।
- कृषि तथा पशुपालनको क्षेत्रमा विवाईसी बागलुङ र हेफर प्रोजेक्ट नेपालसंग विगत चार बर्षदेखि निरन्तर संचालित **कृषि तथा पशु उद्यमशिलता विकास परियोजना** साझेदारी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु । उक्त परियोजना मार्फत काठेखोला कृषि उपज संकलन केन्द्र सञ्चालन गरि कृषकहरुको उत्पादनमा बृद्धि, शसक्तिकरण र उद्यमशिलताको विकास हुने मैले आशा लिएको छु ।
- लक्षित बर्गको आर्थिक एवम सामाजिक शसक्तिकरणमा जोड दिदै महिला, दलित, जनजाति, जेष्ठनागरिक, अपांगता तथा बालबालिकाहरुका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन, काठेखोला र सोरठीगीत रेकडीङ तथा छायाँङकण कला, संस्कृति तथा खेलकुद क्षेत्रको विकास र विस्तारमा आवश्यक बजेट बिनियोजन गरेको छु ।
- परम्परागत कृषि प्रणालीलाई यान्त्रीकरण गर्ने, पशु व्यवसायमा नस्ल सुधार, प्रकोप व्यवस्थापन, बेरोजगार तथा रोजगारी गुमाएकाहरुलाई रोजगारी सिर्जना गर्ने, विउ विजन बितरण, बाली कटानी, मिनिकिट वितरण पशुबिमा अभिमुखिकरण जस्ता कृषिजन्य कार्यक्रमलाई बिशेष प्राथमिकता दिई आवश्यक बजेटको ब्यवस्था गरेको छु । कृषकहरुका लागि तालिम, गोष्ठी, प्रशिक्षण कार्यक्रमको लागि उचित बजेटको ब्यवस्था मिलाएको छु ।
- गाउँपालिकाभित्र चियाखेति विस्तारका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरेको छु ।
- आम नागरिकहरुको बढ्दो मागलाई ध्यानमा राखी बाँदर अतिक्रमणलाई न्युनिकरण गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- माटो परिक्षणको आवश्यक सामाग्री खरिदका लागि पनि आवश्यक बजेटको व्यस्था गरेको छु ।
- पशुपंक्षीहरुको औषधी खरिदका लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु ।
- मागमा आधारित कृषक तालिम र उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- फलफूल प्रवर्द्धन कार्यक्रम तथा सुन्तला बगैचा सुधार साझेदारी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सहकारी शिक्षा, अनुगमन र लेखा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु । साथै व्यवहारिक र प्रभावकारी रुपमा सञ्चालनमा रहेको लघुउद्यम कार्यक्रम तर्फ आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुको थप व्यवस्थापन एवम शैक्षिक सुधारका लागि चालु आ.व.देखि नै सञ्चालनमा रहेको ***अध्यक्षसंग शैक्षिक सुधार कार्यक्रम*** लाई निरन्तरता दिदै सो कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । साथै बिद्यालयको सघन अनुगमन गर्ने कार्यलाई थप परिमार्जित गर्दै ***उपाध्यक्षसंग विद्यालय अनुगमन कार्यक्रम*** का लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- स्थानीय पाठ्यपुस्तक, पाठ्यक्रम लेखन, निर्माण, छपाई तथा प्रवोधिकरणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

- सुत्केरी शिक्षिका विदा सोध भर्ना कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु । विद्यालयहरुमा विद्युतिय हाजिरी जडान, स्मार्ट स्कुल एप्स सफट्वयरका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्काउटरहरुको विचमा उत्कृष्ट स्काउट टुप गठन, सम्मान, हाईकिङ क्याम्प फायर सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छु ।
- नागरिकहरुको स्वास्थ्यका लागि निशुल्क रुपमा वितरण गरिने औषधी खरिद तथा औजार उपकरण खरिदमा आवश्यक बजेट विनियोजन गरेको छु । साथै विद्यालय छात्राहरुका लागि आवश्यक सेनेटरी प्याड खरिदका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरेको छु ।
- बागलुङ बजारमा निर्माणाधिन अवस्थामा रहेको मानवसेवा आश्रमको भवनलाई आवश्यक बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य संस्थाहरुमा ल्याव सञ्चालन गर्न कर्मचारी सहित आवश्यक बजेट विनियोजन गरेको छु ।
- पोषण सुधारमा आमा सुरक्षा कार्यक्रम अर्न्तगत गर्भवति महिलाहरुका लागि अण्डा, आयोडिन नुन लगायतका पोषण कार्यक्रम सञ्चालन गर्न आगामी बर्षको लागि पनि निरन्तरता दिएको छु ।
- महिला स्वास्थ्य स्वयमसेविकाहरुको मासिक यातायात खर्चको व्यवस्थापनमा लागि आवश्यक बजेट विनियोजन गरेको छु । साथै महिला स्वास्थ्य स्वयमसेविकाहरुका लागि मोवाईल सेवा एवम प्रोत्साहन सामाग्रीका लागी आवश्यक पर्ने बजेटको व्यवस्था गरेको छु ।
- वडा स्तरमा रहेका स्वास्थ्य चौकी सञ्चालन तथा व्यवस्थापनमा आगामि आ.व.मा पनि निरन्तरता दिएको छु ।
- विपन्न महिला, दलित र जनजाति विद्यार्थीहरुको प्राविधिक शिक्षा अध्ययन कार्यक्रम गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु । लक्षित बर्गको शसक्तिकरण, सीप विकास तथा आय आर्जन कार्यक्रम लाई आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- महिला उद्यमशिलता विकास कार्यक्रम सञ्चालनमा आवश्यक वजेट विनियोजन गरेको छु ।
- दलित समुदायको परम्परागत पेशा सुधार र आय आर्जनमुखी कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- जनजाति समुदायको स्थानीय सीपमा आधारित व्यवसाय प्रवर्द्धन गर्न बेद बाँस सम्वन्धि तालिम तथा उद्यम विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने वजेटको व्यवस्था मिलाएको छु ।
- क र ख बर्गका भएका अपांगता भएको व्यक्तिहरुको अवस्था अनुगमन गरी उत्कृष्ट संरक्षक सम्मान कार्यक्रम, ग र घ बर्गका आय आर्जन कार्यक्रम र ग वर्गका अपाङ्गता भएको व्यक्तिहरुको स्वास्थ्य विमा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिकाको उच्च ठाउँहरुमा रहने गरि बहुउपयोगी पोखरी निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- बाँदर व्यवस्थापन कार्यक्रम अन्तरगत सामुदायिक वन उपभोक्ता समुहहरुसंग सहकार्य गरि बाँझो तथा सामुदायिक वन जंगलहरुमा फलफूल, गिठा, तरुल, भ्याकुर, कन्दमुल जस्ता फलफूल तथा खनिज जन्य खाद्यान्नहरुको विउ रोपण गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- जनप्रतिनिधि, कर्मचारी, मेलमिलापकर्ता, उपभोक्ता समितिका पदाधिकारीहरु र अन्य सरोकारवालाहरुका लागि क्षमता अभिबृद्धि तालिम सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।
- काठेखोला गाउँपालिकाको हरेक योजना, कार्यक्रम, विकास, र आर्थिक पार्रदशीपूर्ण सेवा प्रवाहलाई सुनिश्चित गरि गाउँपालिकाको हरेक गतिबिधिहरुलाई आम जनताको बिचमा पुराउन आगामि बर्ष विभिन्न छापा बिद्युतिय माध्यमद्धारा प्रकाशन एवम प्रशारण हुने ***काठेखोला गतिविधि*, समृद्ध काठेखोला** र **काठेखोला सन्देश** का लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- काठेखोला गाउँपालिकाको डिजिटल प्रोफाईल अध्यावधि गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- बागलुङ जिल्लाको न्याय सम्पादनलाई थप व्यवस्थित र प्रभावकारी बनाउने अभिप्रायले आगामी बर्ष बागलुङ जिल्लाका १० वटै स्थानीय तहका न्यायीक समिति, संयोजक, सदस्य र सहजकर्ता सम्मिलित न्यायीक समिति सदस्यहरुको बागलुङ जिल्ला स्तरीय तेश्रो जिल्ला सम्मेलन हाम्रै गाउँपालिकामा हुने भएकोले त्यसको व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
- **'जहाँ विपद त्यहाँ काठेखोला'** को अवधारणाका साथ स्थापना भएको गाउँपालिका स्तरीय विपद कोषका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- नागरिकहरुलाई स्वच्छ खानेपानीको प्रवन्ध मिलाउन पानी परिक्षण तथा मुहान सुद्धिकरण कार्यक्रमका लागि आवस्यक बजेटको व्यवस्था गरेको छु ।
- भुकम्प, बाढि पहिरो, आगलागी तथा चट्याङ जस्ता बिपदजन्य विषयमा नागरिकहरुलाई सचेतना गराउन विपद सचेतनामुलक कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

*सभाअध्यक्ष एवम गाउँसभा सदस्य ज्युहरु :*

अव म आर्थिक बर्ष २०८०/०८१ को यथार्थ खर्च र २०८१/०८२ को संसोधित अनुमान र २०८२/०८३ को अनुमानित आय व्यय बिबरण यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।

| *क्र. सं.* | *आ.व.* | *चालु खर्च* | *पुजीगत खर्च* | *जम्मा खर्च* |
|---|---|---|---|---|
| १ | ***२०८०/०८१ को यथार्थ खर्च*** | ३३,५५,९६,८१७ | १४,९४,८५,९०८ | ४८,५०,८२,७२५ |
| २ | ***२०८१/०८२ को संशोधित अनुमान*** | ४०,७९,००००० | १७,९८,२३,००० | ५८,७७,२३,००० |
| ३ | ***२०८२/०८३ को अनुमानित आय व्यय*** | ३८,४२,००,००० | २०,२७,८३,००० | ५८,६९,८३,००० |

यस काठेखोला गाउँपालिकाको आ.व.२०८२/०८३ को अनुमानित बार्षिक आय बिबरण देहाय बमोजिम रहेको छ ।

| *क्र.सं.* | *श्रोत* | *रकम रु.* |
|---|---|---|
| १ | संघिय सरकारबाट बित्तिय समानिकरण अनुदान | ९ करोड ७२ लाख |
| २ | संघिय सरकार ससर्त अनुदान | ३१ करोड १२ लाख |
| ३ | संघिय सरकार विशेष अनुदान | १ करोड १० लाख |
| ४ | संघिय सरकार समपुरक अनुदान | १ करोड २१ लाख |
| ५ | संघिय सरकार राजस्व बाँडफाँड | *८ करोड २० लाख ४३ हजार ९ सय ९* |
| ६ | गण्डकी प्रदेश सरकार बित्तिय समानिकरण अनुदान | १ करोड २६ लाख ६० हजार |
| ७ | गण्डकी प्रदेश सरकार राजस्व बाँडफाँड अनुदान | ९५ लाख ५१ हजार |
| ८ | मालपोत कार्यालयबाट बाँडफाड हुने घरजग्गा रजिस्ट्रेशन दस्तुर | ५ लाख |
| ९ | गाउँपालिकाको आन्तरिक आय | ८० लाख |
| १० | गण्डकी प्रदेश सरकार बिषेश अनुदान | ३९ लाख ८३ हजार |
| ११ | गण्डकी प्रदेश सरकार समपुरक अनुदान | *६० लाख* |
| १२ | *संघीय सरकारबाट वन क्षेत्रको रोयल्टी बाँडफाँड* | *४५ हजार ९१ रुपैया* |
| १३ | *संघीय सरकार सर्सत अनुदान पुँजीगत* | *१ करोड ४० लाख* |
| १४ | *प्रदेश सरकार शर्सत अनुदान पुँजीगत* | *२ लाख* |
| १५ | *संचित कोषबाट अल्या हुने अनुमानित रकम* | *१ करोड ८५ लाख* |
| | ***जम्मा*** | ***५८ करोड ६९ लाख ८३ हजार*** |

***सभाअध्यक्ष ज्यु, एवम उपस्थित गाउँसभा सदस्य ज्युहरु***

यस काठेखोला गाउँपालिकाको आ.व.२०८२/०८३ को अनुमानित बार्षिक व्यय बिबरण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | व्यय विवरण | प्रस्तावित रकम |
|---|---|---|
| १ | सशर्त (चालु) | ३१ करोड १२ लाख |
| २ | सशर्त (पूजिंगत) | १ करोड ४० लाख |
| ३ | चालु तर्फको खर्च | ७ करोड ३० लाख |
| ४ | पुर्वाधार विकास | २ करोड १९ लाख |
| ५ | सामाजिक बिकास | ३ करोड २१ लाख |
| ६ | आर्थिक बिकास (कृषि, पर्यटन, उद्योग तथा बाणिज्य, सहकारी र वित्तिय क्षेत्र) | १ करोड १५ लाख |
| ७ | सार्वजनिक सेवा तथा क्षमता विकास | ४५ लाख |
| ८ | वन, वातावरण तथा विपद व्यवस्थापन | २५ लाख |
| ९ | संघिय सरकार विषेश अनुदान<br>१. (रेश आधारभूत अस्पताल)<br>२.डांग्रेखोला ढोटेपाटा, पिडाल्ना सिचाई योजना | <br>४५ लाख<br>६५ लाख |
| १० | संघिय सरकार समपुरकअनुदान ढोलकाटेचोक, तंग्राम वडा कार्यालय भवन, सात्लेस हुदै धम्जा देउराली सडक स्तरोन्नति) | १ करोड २१ लाख |
| ११ | प्रदेश सरकार विशेष अनुदान (धम्जा खानेपानी योजना) | ३९ लाख ८३ हजार |
| १२ | प्रदेश सरकार समपुरक अनुदान (सुलडाँडा किम्वोट, धरमदास हुदै लामखुङ ऋषिचोक सडक स्तरोन्नति | ६० लाख |
| १३ | प्रदेश सरकार शर्सत अनुदान पुँजिगत (खानेपानी सरसफाई तथा स्वच्छता वास कार्ययोजना तयारी) | २ लाख |
| १४ | वडागत विनियोजन तर्फ (८ वटा वडा) | ३ करोड ७० लाख |
| १५ | गाउँपालिकाको गौरबको योजना (२ वटा) | १ करोड |
| १६ | वडागत समपुरक योजना | ६० लाख |
| १७ | संघ, प्रदेश समपुरक योजना | ३ करोड |
| | ***जम्मा अनुमानित व्यय*** | ***५८ करोड ६९ लाख ८३ हजार*** |

***सभाअध्यक्ष एवम उपस्थिति गाउँसभा सदस्य ज्युहरु***

काठेखोला गाउँपालिकाको आगामी आ.व.२०८२/०८३ को अनुमानित कुल आय ५८ करोड ६९ लाख ८३ हजार रुपैयाँ मध्ये संघिय सरकारबाट प्राप्त सर्सत अनुदानका कार्यक्रमहरु देहाय बमोजिमका शिर्षकहरुमा खर्च हुने गरि विनियोजन गरेको छु।

| ***क.सं.*** | ***बिबवरण*** | ***रकम*** |
|---|---|---|
| ***१*** | कृषि तथा पशु तर्फ | *६४ लाख* |
| ***२*** | उद्योग तर्फ | *१४ लाख* |
| ***३*** | शिक्षा तर्फ | *२५ करोड ५४ लाख* |
| ***४*** | स्वास्थ्य तर्फ | *४ करोड २४ लाख* |
| ***५*** | सामाजिक सुरक्षा तथा रोजगार प्रवद्धन | *५५ लाख* |
| ***६*** | खानेपानी तर्फ | *१ लाख* |
| ***७*** | सडक पुर्वाधार | *५० लाख* |
| ***८*** | शिक्षा पुर्वाधार | *७० लाख* |
| ***९*** | झोलुंगे पुल | *१० लाख* |
| ***१०*** | आवास | *१० लाख* |
| ***जम्मा*** | | ***३२ करोड ५२ लाख*** |

***सभाअध्यक्ष एवम उपस्थित गाउँसभा सदस्य ज्युहरु,***

विषय तथा क्षेत्रगत रुपमा उल्लेखित बजेटलाई गाउँपालिकाबाट गौरवमा योजनाहरु वडाबाट सिफारिस भइ आएका योजनाहरु गाउँपालिकाबाट सबै वडामा सञ्चालन हुने साझा योजनाहरुको बिस्तृत बिबरण अनुसुचीमा उल्लेख गरिएको छ।

**सभाअध्यक्ष ज्यु**

अन्तमा आगामी आ.व. २०८२/०८३ का लागि विनियोजित बजेट तथा प्रस्तावित कार्यक्रमहरुको सफल कार्यन्वयन गर्न स्थानीय आन्तरिक कर दस्तुर, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुनसक्ने सशर्त अनुदान, समपुरक अनुदान, र विशेष अनुदानका श्रोतको आधारमा विनियोजनको व्यवस्था मिलाएको छ। यस काठेखोला गाउँपालिकाको आ.व.२०८२/०८३ को योजना तथा कार्यक्रमहरु सफल, सार्थक र उत्साहजनक कार्यान्वयनको लागि सवैको सक्रिय सहयोग एवं भूमिकाको अपेक्षा गर्दछु। योजना तथा कार्यक्रमहरुलाई विकास, परिवर्तन र सम्वृद्धिसंगै नागरिकहरुको उत्पादन र आर्थिक आमदानीसंग जोड्न सबै योजना तथा कार्यक्रमहरुमा जनसहभागीता बढाउन बिशेष ध्यान दिन हार्दिक अनुरोध गर्दछु। आगामि आ.व.मा बजेट कार्यक्रम कार्यन्वयनमा सवै क्षेत्रको सक्रिय साथ सहयोगका लागि सम्पुर्ण जनप्रतिनिधि, समस्त राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दलका नेता तथा कार्यकर्ताहरु, सामाजिक अभियान्ताहरु, बिज्ञ एवम बिद्धान व्यक्तित्वहरु, एवम आम काठेखोलाबासी आमावुवा दाजुभाई तथा दिदीबहिनीहरुको दरिलो साथ, सहयोग तथा उत्साहजनक सहभागीता रहने छ भन्ने आशा एवम विश्वास गरेको छु। धन्यबाद।

*१० असार २०८२*

**तेज बहादुर थापा**
(उपाध्यक्ष)
काठेखोला गाउँपालिका